# मिड सोलु हाईड्रोपावर लिमिटेड
# Mid Solu Hydropower Limited

रजिष्ट्रार कार्यालय : बानेश्वर-३१, काठमाडौं, फोन नं. ०१-४५७०५८४
इमेलः midsolu.hydropower@gmail.com वेबसाइटः www.midsoluhydropower.com.np

## आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको निमित्त साधारण शेयर निष्काशन तथा बिक्री बन्द गरिएको बारे सूचना

मिड सोलु हाईड्रोपावर लिमिटेडले आफ्नो जारी पूँजी रु.७४,८४,००,०००/- को २०% अर्थात् १४,९६,८०० कित्ता साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गर्नेछ । जस मध्ये स्वीकृत विवरणपत्र मार्फत जारी पूँजीको १०% अर्थात रु.७,४८,४०,०००/- रकम बराबरको रु.१००/- अंकित दरका ७,४८,४०० कित्ता साधारण शेयर मध्ये आयोजना अति प्रभावित क्षेत्र (सोलुखुम्बु जिल्ला साविकको सल्लेरी र तिङ्ला गा.वि.स हालको सोलुदुधकुण्ड न.पा. वडा नं.३,४,५,६,७ र ११) का बासिन्दाहरुको लागि ५,६१,३०० कित्ता शेयर तथा प्रभावित क्षेत्र (सोलुखुम्बु जिल्ला साविकको सल्लेरी र तिङ्ला गा.वि.स हालको सोलुदुधकुण्ड न.पा. वडा नं. ३, ४, ५, ६, ७ र ११ बाहेक) का सोलुखुम्बु जिल्ला बासिहरुको लागि १,८७,१०० कित्ता शेयर मिति २०८० श्रावण १४ गतेदेखि निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा **आज मिति २०८० श्रावण ३० गते बैकिङ्ग समय पश्चात्** सो शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गर्दछौं ।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण संकलन केन्द्रहरुले यसै सूचनालाई आधिकारीक मानी साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०८० श्रावण ३० गते (बैकिङ्ग समय पश्चात्)** बन्द गर्नुहुन अनुरोध गर्दछौं ।

**दरखास्त दिनु पर्ने न्यूनतम् शेयर संख्या : १० कित्ता**

**दरखास्त दिन पाउने अधिकतम् शेयर संख्या : १०,००० कित्ता**

**दरखास्तसाथ प्रति शेयर रु.१००/- का दरले शत्प्रतिशत भुक्तानी गर्नुपर्ने**

| क्र.सं. | विवरण-पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थानहरु : |
|---|---|
| १. | एन आई सी एशिया क्यापिटल लिमिटेड, ट्रेड टावर नेपाल, चौथो तल्ला, थापाथली, काठमाण्डौ । वेबसाइट www.nicasiacapital.com |
| २. | मिड सोलु हाईड्रोपावर लिमिटेड, बानेश्वर-३१, काठमाडौं । वेबसाइट www.midsoluhydropower.com.np |
| ३. | नेपाल धितोपत्र बोर्डको वेवसाइट www.sebon.gov.np बाट समेत हेर्न सकिनेछ । |

**आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि**
**देहाय बमोजिमका स्थानहरुबाट भौतिक रुपमा दरखास्त फाराम प्राप्त गर्न र बुझाउन सकिने व्यवस्था गरिएको छ ।**

| क्र.सं. | संकलन केन्द्रको नाम | सम्पर्क व्यक्तिको नाम | सम्पर्क नम्बर |
|---|---|---|---|
| १. | सल्लेरी बजार वडा नं. ५, सोलुखुम्बु । | अनुप सापकोटा | ९८४१४०२१०१ |
| २. | एन आई सी एसिया बैंक लि., सल्लेरी, सोलुखुम्बु । | रबिन्द्र ढुङ्गेल | ९८०१९८२००९ |
| ३. | लक्ष्मी सनराईज बैंक लि., सल्लेरी, सोलुखुम्बु । | विवेक राजभण्डारी | ९८४१९९१६५० |
| ४. | ग्लोबल आइएमई बैंक लि., सोलुदुधकुण्ड, सोलुखुम्बु । | पुष्प प्रधान | ९८४२९३७२२० |
| ५. | राष्ट्रिय वाणिज्य बेंक लि., लुक्ला, सोलुखुम्बु । | बिनोद चौधरी | ९८५२८५०५५५ |
| ६. | राष्ट्रिय वाणिज्य बेंक लि., सल्लेरी, सोलुखुम्बु । | सुवास प्रसाद निरौला | ९८५२८५११५५ |
| ७. | राष्ट्रिय वाणिज्य बेंक लि., नाम्चेबजार, सोलुखुम्बु । | नविन न्यौपाने | ९८५२८५००२३ |

साथै स्थानीय बासिन्दाहरुले निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइट www.nicasiacapital.com मा गई रितपूर्वक विवरण भरी आवेदन दिन सक्नेछन् ।

आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुले शेयर खरिद आवेदन प्राप्त गर्नका लागि दरखास्त फाराम वापत प्रति दरखास्त आवेदन फाराम रु.२/- (अक्षेरेपी दुई रुपैयाँ) शुल्क बुझाउनु पर्नेछ । साथै, शेयर खरीद आवेदन फाराम यस क्यापिटलको वेवसाइटः www.nicasiacapital.com बाट निःशुल्क डाउनलोड गरी भर्न सकिनेछ ।

**नोटः स्थानीय बासिन्दाहरुलाई बाँडफाँडमा परेका शेयरहरु सर्वसाधारणलाई निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन (३) वर्ष पूरा नभएसम्म बिक्री वितरण वा हस्तान्तरण गर्न पाइने छैन ।**

**कम्पनीको विगत तथा आगामी ३ वर्षको नेटवर्थ सम्बन्धी विवरण :**

| विवरण | वास्तविक | | | *आ.व. २०७९/८० चैत्र मसान्तसम्मको | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व.०७६/७७ | आ.व.०७७/७८ | आ.व.०७८/७९ | | आ.व.०७९/८० | आ.व.०८०/८१ | आ.व.०८१/८२ |
| प्रति शेयर आम्दानी (रु.) | - | - | - | १.६५ | ४.०४ | १२.९४ | १४.५४ |
| प्रति शेयर नेटवर्थ (रु.) | १०० | १०० | १०० | १०१.६५ | १०४.०४ | ११६.९७ | १३१.५२ |
| संचित नाफा नोक्सान (रु.हजारमा) | - | - | - | ९,८८८ | ३०,२१५ | १२७,०२८ | २३५,८७० |

*व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण ।

| | | |
|---|---|---|
| विद्युत परियोजनाको नाम | : | मध्य सोलु खोला जलविद्युत आयोजना। |
| आयोजनाको कुल उत्पादन क्षमता | : | ९.५ मेगावाट । |
| प्रति मेगावाट लागत सम्बन्धी विवरण | : | कम्पनीले प्रवर्धन गरेको मध्य सोलु खोला जलविद्युत आयोजनाको कुल अनुमानित लागत (Interest During Construction (IDC) सहित प्रति मे.वा. रु.२१,९३,८५,६४५/०५ छ । तथा कूल लागत (IDC) सहित रु.२,०८,४१,६३,६२८/- रहेको छ । |
| विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्बन्धी विवरण | : | मध्य सोलु खोला जलविद्युत आयोजनाको विद्युत उत्पादन अनुमति पत्र वहाल रहने अवधि मिति २०७७/०४/२२ देखि २११२/०४/२१ गतेसम्म रहेकोले ३२ वर्ष ६ महिना बाँकी रहेको छ । |
| शेयर पूँजीमा लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण | : | आयोजनाको लगानी फिर्ता हुने अवधि Simple Pay Back Period ६.९१ वर्ष र Discounted Pay Back Period १०.८७ वर्ष रहेको छ । |

**क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था**

स्वीकृत विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेडबाट इस्यूर रेटिङ्ग गराई "[ICRANP-IR] BB+" (pronounced ICRA NP Issuer Rating Double B+) रेटिङ्ग प्राप्त गरेको छ। [ICRANP-IR] BB+" ले कम्पनीको वित्तीय दायित्व वहन गर्ने क्षमतामा औसत जोखिम (Moderate risk of default regarding timely servicing of financial obligations) भन्ने जनाउँदछ। ईक्रा नेपाल लिमिटेड ले [ICRANP-IR] AAA देखि [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ। जसमा ग्रेड [ICRANP-IR] AAA ले बलियो आधार जनाउँछ र [ICRANP-IR] D ले कमजोर आधार जनाउँदछ। दिईने आधारहरुमा प्रयोग गरिने "+ (Plus)" चिन्हले दिईएको समूहको तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ। रेटिङ्ग सम्बन्धी विवरण स्वीकृत विवरणपत्रको दफा २२ (ण) मा उल्लेख गरिएको छ।

इस्यूर रेटिङ्ग ग्रेड प्रदान गरेको मितिः २०८०/०३/३१ बहाल रहने अवधि २०८१/०३/२९

**यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, नियमन निकाय तथा सम्बन्धित सबै निकायहरुमा धन्यवाद ज्ञापन गर्दछौं ।**

**यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०८० श्रावण ५ गतेको "आर्थिक अभियान" राष्ट्रिय दैनिकमा प्रकाशित आह्वान-पत्र वा निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट www.nicasiacapital.com, निष्काशनकर्ता कम्पनीको वेवसाइट www.midsoluhydropower.com.np अथवा नेपाल धितोपत्र बोडको वेवसाइटः www.sebon.gov.np मा रहेको "विवरणपत्र" हेर्नुहुन अनुरोध गर्दछौं ।**

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**

NIC ASIA CAPITAL

**एन आई सी एशिया क्यापिटल लिमिटेड**
ट्रेड टावर नेपाल, चौथो तल्ला, थापाथली, वडा नं. ११, काठमाण्डौ
फोनः ९७७-१-५७०५९९४, फ्याक्सः ९७७-१-५७०६४५८
Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com